# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, मध्य वानेश्वर काठमाण्डौं । फोन नं. ०१-४४९०५१३

## कर्मचारी आवश्यकता

(प्रथम पटक सूचना प्रकाशित मिति :२०७६/११/३०)

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको यस छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको लागी देहाय बमोजिमको पदमा कर्मचारी भर्ना गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुबाट मिति २०७६।१२।२५ गते भित्र यस वित्तीय संस्थाको तल उल्लेखित ठेगानामा आइपुग्ने गरि दरखास्त आव्हान गरिएको छ । दरखास्त फारमका साथ दरखास्तवालाको वायोडाटा, पासपोर्ट साइजको ३ प्रति फोटो, शैक्षिक योग्यता, नागरिकता, तालिम तथा अनुभवहरुको प्रमाणपत्रको प्रतिलिपीका साथ सम्पर्क फोन नं. उल्लेख गरि पेश गर्नुपर्नेछ । प्रारम्भिक छनौटमा परेका आवेदकहरुलाई मात्र लिखित तथा अन्तर्वार्ता परीक्षामा समावेश गरिने छ । संस्थाको हितलाई ध्यानमा राखि प्राप्त दरखास्तहरु कारण खोलि वा नखोलि अस्वीकृत गर्ने वा विज्ञापन रद्द गर्ने सम्मको अधिकार यस वित्तीय संस्थामा सुरक्षित रहनेछ ।

**तपशिलः**

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | संख्या | आवश्यक न्युनतम योग्यता | अन्य |
|---|---|---|---|---|---|---|
| १ | ०२/०७६/७७ | अधिकृत | अधिकृत आठौं तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ्गमा स्नातक तह उतिर्ण गरि बैंक तथा वित्तीय संस्थामा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको । | बैक तथा वित्तीय संस्थामा Core Banking System, Networking, Database Administration, Linux and Windows Server Administration सम्बन्धि कार्य अनुभव भएकालाई बिशेष ग्राह्यता दिइनेछ । |
| २ | ०३/०७६/७७ | सहायक अधिकृत | अधिकृत सातौं तह | केही | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टड एकाउण्टेन्टस् (CA, ACCA) उतिर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा कम्तिमा द्धितीय श्रेणीमा (जि.पि.ए. कम्तीमा १.८ ल्याई) स्नातक तह उतिर्ण गरी चार्टड एकाउण्टेन्सी कोर्सको CAP-II / IPCC Level (Semi Qualified CA) उतिर्ण गरेको । | बैक तथा वित्तीय संस्था वा कुनै संगठित संस्थामा कार्य गरेको अनुभव भएकालाई बिशेष ग्राह्यता दिइनेछ । |
| ३ | ०४/०७६/७७ | सहायक अधिकृत | अधिकृत सातौं तह | केही | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा कम्तिमा द्धितीय श्रेणीमा (जि.पि.ए. कम्तीमा १.८ ल्याई) BBA उतिर्ण गरेको । | अंग्रेजी भाषामा राम्रो दखल भएकोलाई बिशेष ग्राह्यता दिईने छ । |
| ४ | ०५/०७६/७७ | सहायक अधिकृत | अधिकृत सातौं तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन संकायमा कम्तिमा द्धितीय श्रेणीमा स्नातक तह उतिर्ण गरेको । | बाणिज्य कानुनमा स्नातकोत्तर तह उतिर्ण गरेको, अधिवक्ताको लाईसेन्स लिई वकालत पेशामा कम्तिमा ३ वर्षको अनुभव, कम्पनी, बैंक तथा वित्तीय संस्थासँग सम्बन्धीत मुद्धा तथा कार्यहरु गरेको अनुभव भएकोलाई विशेष ग्राह्यता दिईने छ । |
| ५ | ०६/०७६/७७ | सहायक ईकाई प्रवन्धक | सहायक चतुर्थ तह | केही | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह द्धितीय श्रेणीमा (जि.पि.ए. कम्तिमा १.८ ल्याई) उतिर्ण गरेको । | # ताप्लेजुङ, पाँचथर, खोटाङ, सोलुखुम्वु, सिन्धुपाल्चोक र वागलुङ जिल्लाबाट नागरिकता प्रमाण पत्र प्राप्त गरेको तथा एस.एल.सि. /एस.ई.ई. सोही जिल्लाहरुको शैक्षिक संस्था वाट उतिर्ण गरेको लाई बिशेष ग्राह्यता दिइनेछ । **# वान्छनिय योग्यता** : ग्रामिण एवं दुर्गम क्षेत्रमा बसी काम गर्न इच्छुक तथा कम्प्यूटर तालिम प्राप्त गरेको । |

**अन्य आवश्यक कुराहरु :**

**(क) उमेर : अधिकृत आठौं तथा अधिकृत सातौं तहको लागी** २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र **सहायक चतुर्थ तहको लागी** १८ वर्ष पूरा भई २५ वर्ष ननाघेको । महिला उम्मेदवारको हकमा अधिकतम उमेरमा ५ वर्ष थप हुनेछ ।

**(ख) छनौट प्रकृया** : लिखित र अन्तर्वार्ता ।

**(ग) दरखास्त फाराम पाउने तथा बुझाउने स्थान : # अधिकृत आठौं तथा अधिकृत सातौं तहको लागी** आवेदन फारम संस्थाको केन्द्रीय कार्यालय मध्य वानेश्वर काठमाण्डौंबाट प्राप्त गर्न सकिनेछ । आवेदन फारम वित्तीय संस्थाको केन्द्रीय कार्यालय मध्य वानेश्वर काठमाण्डौंमा बुझाउनु पर्नेछ । **# सहायक चतुर्थ तहको लागी** आवेदन फारम छिमेक लघुवित्त वित्तीय संस्था लि.को निम्न कार्यालयहरुबाट प्राप्त गर्न तथा बुझाउन सकिनेछ : **(१) फुङलिङ शाखा (ताप्लेजुङ)** सम्पर्क फोन नं.०२४-४६१०४८ **(२) नागी शाखा (पाँचथर)** सम्पर्क मो. नं. ९८१५३२३७६२ **(३) दिक्तेल शाखा (खोटाङ)** सम्पर्क फोन नं. ०३६-४२०५१९ **(४) सल्लेरी शाखा (सोलुखुम्वु)** सम्पर्क फोन नं.०३८-५२०१४८ **(५) सिन्धुपाल्चोक शाखा** सम्पर्क फोन नं. ०११-६२०१९३ **(६) बागलुङ शाखा** सम्पर्क फोन नं. ०६८-५२१२२० **(७) केन्द्रीय कार्यालय मध्य वानेश्वर काठमाण्डौं** सम्पर्क फोन नं. ०१-४४९०५१३ । साथै दरखास्त फाराम यस वित्तीय संस्थाको वेभसाइट www.chhimekbank.org बाट पनि download गर्न सकिनेछ ।

**(घ) सेवा सुविधा** : वित्तीय संस्थाको नियमानुसार ।

**(ङ) दरखास्त दिन पाउने अन्तिम मिति** : २०७६/१२/२५ गते कार्यालय समय भित्र ।

**(च) परीक्षा दस्तुर** : रु.५००।- (अक्षरेपी पाँच सय रुपैयाँ मात्र ।)

**(छ) लिखित तथा अन्तर्वार्ता परीक्षाको मिति, समय र स्थान** : वित्तीय संस्थाको वेभसाइट www.chhimekbank.org बाट जानकारी दिईनेछ ।

**(ज) नियुक्ति प्रकृया : # अधिकृत आठौं तथा अधिकृत सातौं तहको लागी** लिखित तथा अन्तर्वार्ता परीक्षामा उतिर्ण भएका उम्मेदवारहरुलाई वित्तीय संस्थाको नियमानुसार १ वर्ष अवधिको लागी परिक्षण कालको नियुक्ति दिईनेछ । काम सन्तोषजनक भएमा त्यस पश्चात स्थायी नियुक्ती दिईनेछ । **# सहायक चतुर्थ तहको लागी** लिखित तथा अन्तर्वार्ता परीक्षामा उतिर्ण भएका उम्मेदवारहरुलाई कम्तीमा ६ महिनाको विषयगत तथा वस्तुगत तालिममा समावेश गराईनेछ। ६ महिनाको तालिम पश्चात पुनः परीक्षा लिई उतिर्ण भएका उम्मेदवारहरुलाई वित्तीय संस्थाको नियमानुसार १ वर्ष अवधिको लागी परिक्षण कालको नियुक्ति दिईनेछ । काम सन्तोषजनक भएमा त्यस पश्चात स्थायी नियुक्ती दिईनेछ ।

**(झ) अन्य** : विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ । प्रारम्भिक छनौटमा परेका आवेदकहरुको जानकारी वित्तीय संस्थाको वेभसाइट www.chhimekbank.org बाट लिन सकिनेछ । रितपुर्वक प्राप्त नभएका आवेदनहरु स्वतः रद्द हुनेछन् ।